बारपाक सुलिकोट गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल ।
Website: www.Sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

प.सं : २०७८/०७९

मिति : २०७८/०७/१० गते

च.नं : ४१८

विषय : विद्यालयको एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली ( IEMIS ) अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु

बारपाक सुलिकोट गाउँपालिका, गोरखा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक सुचना व्यवस्थापन शाखाको प.सं २०७८/०७९, चलानी नं ४५ र मिति २०७८/०७/०७ को पत्रानुसार यस बारपाक सुलिकोट गाउँपालिकामा विद्यालयमा आधारीत बालविकास केन्द्रहरु ३३ वटा, समुदायमा आधारीत बालविकास केन्द्रहरु २ वटा, सामुदायिक विद्यालयहरु ३७ वटा र संस्थागत विद्यालय १ वटा रहेकोले विवरण यकिन गरी पठाइदिन गाउँपालिकालाइं अनुरोध गरिएकोले आ-आफ्नो विद्यालयहरुको **एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली ( IEMIS ) मा भएका विवरण रुजु गरी अद्यावधिक गर्न छुटेका विवरण यही कात्तिक २० गतेभित्र अद्यावधिक गर्नु गराउनुहुन अनुरोध छ । साथै केन्द्रको मिति २०७८/०६/१७ को पत्रानुसार निर्धारित समयभित्र इमिस अद्यावधिक नगर्ने विद्यालयहरुको विवरण आगामी वर्षको योजना तथा बजेत निर्माण प्रक्रियामा समावेश गर्न नसकिने, त्यस्ता विद्यालयहरुको विद्यार्थी विवरण इमिस प्रणालीमा नहुने भएकाले सम्बन्धित विद्यार्थीहरुको नतिजा प्रमाणीकरण गर्न नसकिने एवम यसबाट विद्यालयले प्राप्त गर्ने अनुदान वा सुविधाबाट विद्यालय र छात्रवृत्ति लगायतका सेवा सुविधाबाट विद्यार्थी बञ्चित हुन गएको अवस्थामा सोको जिम्मेवार सम्बन्धित विद्यालयको प्रधानाध्यापक हुनुपर्ने भनी लेखी आएको व्यहोरा अवगत गराइन्छ । बालविकास केन्द्र, विद्यालयको तहगत अनुमति, स्थापना मिति एवम अन्य विवरण सच्याउनुपर्ने विद्यालयहरुको सुचि यसैसाथ संलग्न छ ।**

**पुनश्च : यही कात्तिक २० गतेभित्र इमिसमा कक्षा ११ र १२ को विद्यार्थी संख्या, समुदाय र विद्यालयमा आधारीत बालविकासको केन्द्र, विद्यालयको तहगत अनुमति र स्थापना मिति अद्यावधिक नगर्ने विद्यालयहरुको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाइने र विद्यालयहरुलाई अनुदान पनि सोही आधारमा निकासा गरिने भएकोले सबै विद्यालयहरुलाई निर्धारित समयभित्र IEMIS अद्यावधिक गर्ने व्यवस्था मिलाउनुहुन सम्पुर्ण प्रधानाध्यापकहरुलाई अनुरोध छ ।**

बोधार्थ : श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

..................

बसन्त राज भट्ट

शिक्षा अधिकृत

बसन्तराज भट्ट

अधिकृत छैठौं, शिक्षा प्रशासन